आज मिति २०८१/०४/२७ गते कृषि यान्त्रिकरण प्रवर्द्धन केन्द्रका केन्द्र प्रमुखको अध्यक्षता तथा तपशिल बमोजिमको कार्यालयका कर्मचारीहरुको उपस्थितिमा बसेको बैठकबाट चालु आ.व. २०८१/८२ को कार्यक्रम संचालनका सम्बन्धमा देहाय अनुसार छलफल एवं निर्णय गरियो।

**उपस्थिति:**

| | | |
|---|---|---|
| १) सरोज अधिकारी | (ब.कृ.ई.) | |
| २) मनोज कुमार चौधरी | (कृ.ई.) | |
| ३) कृष्ण सेडाई | (कृ.ई.) | |
| ४) महेन्द्र सुनरैत | (कृ.ई.) | |
| ५) चाणक राज सुवेदि | (लेखापाल) | |
| ६) रामबावु दास | (सव.ई.) | |
| ७) विमल मण्डल | (क.अपरेटर) | |
| ८) घुरन यादव | (ड्रिलर टेक्निसियन) | |
| ९) टेकराज रेग्मी | (प्रा.स.) | |

**निर्णयहरु:**

१) यस केन्द्र अन्तर्गत रहेको बागवानी तथा बालि विज्ञान तर्फको नियमित कार्यक्रम सञ्चालन गर्न स्विकृत कार्यक्रमको अधिनमा रहि खर्चको अनुमानित लागत तयार एवं स्विकृत गरी कार्यक्रम अघिवढाउने निर्णय गरियो।

२) गत आ.व. मा यस केन्द्रबाट विभिन्न ६ स्थानमा जडान भएका डिप ट्यूववेलहरुमा स्विकृत कार्यक्रम बमोजिम पम्प हाउस निर्माण, विद्युतिकरण तथा समरसिवल पम्प जडानको कार्य अघि बढाउन आवश्यक लागत इष्टिमेट तयार गर्ने तथा सम्बन्धित उपभोक्ता समितिलाई दर्ता नविकरण गर्न अनुरोध गर्ने निर्णय गरियो।

३) यस केन्द्र मार्फत विगतमा जडान भएका तथा हाल सञ्चालन विहिन अवस्थामा रहेका पुराना डिप ट्यूववेलहरुको सञ्चालनका लागि स्थानिय कृषकहरुको मागका आधारमा अनुगमन गरी संभावनाका आधारमा बोरिङ्गको रिह्याव/मर्मत/विद्युतिकरण तथा पम्प जडान मार्फत सुधार गरी सञ्चालनमा ल्याउन सम्बन्धित स्थानिय तहसंगको समन्वय एवं सहयोगमा पहल गर्ने निर्णय गरियो।

४) चालु आ.व. को स्विकृत कार्यक्रम बमोजिम नयाँ डिप ट्यूवेल जडानका लागि विभिन्न क्षेत्रबाट प्राप्त माग निवेदनहरुको छनौट गर्दा तपशिल अनुसारको आधार एवं मापदण्ड बमोजिम हुने भनि निर्णय गरियो।

| सि.नं. | छनौटका लागि आवश्यक आधार तथा मापदण्ड |
|---|---|
| १) | डिप ट्यूवेल जडान मार्फत तराई क्षेत्रमा न्यूनतम ६० विघा तथा चुरे भावर क्षेत्रमा ४० विघा क्षेत्रफलमा सिचाई सुविधा उपलब्ध गराउने उद्देश्य राखि सम्बन्धित क्षेत्रका कृषकहरुबाट सामुहिक रुपमा निवेदन पेश हुनु पर्ने। |
| २) | डिप ट्यूवेल जडानका लागि माग भई आएको क्षेत्रमा जडान हुने बोरिङ्गबाट प्राविधिकरुपमा सिचाईका लागि आवश्यक मात्राको पानी उपलब्ध हुने आधार देखिनु पर्नेछ। |
| ३) | बोरिङ्ग माग भएको क्षेत्रमा सिचाईको अन्य कुनै सुविधा नभएको तथा सिचाईका लागि डिप बोरिङ्ग आवश्यक रहेको भनि नगरपालिका / गाउँपालिका तथा वडा कार्यालयबाट सिफारिस भई आएको हुनुपर्ने। |
| ४) | स्थानिय कृषकहरुको भेलाबाट डिप वोरिङ्गको विकास तथा व्यवस्थापन सम्बन्धि कार्य गर्न एक जल प्रवन्ध समितिको गठन भई स्थानिय तहको सिफारिसमा कृ.या.प्र.के. मा रितपुर्वक दर्ता भएको हुनु पर्छ। |
| ५) | बोरिङ्ग जडानका लागि आवश्यक १० धुर जग्गा उपभोक्ता समितिले उपलब्ध गराएको हुनुपर्ने। उपलब्ध गराईएको जग्गा बाटोसंग जोडिएको तथा नजिकै 11 KVA को विद्युत लाईन नजिकैको दुरीमा हुनुपर्ने छ। |
| ६) | नयाँ डिप बोरिङ्ग जडान गर्ने भनिएको क्षेत्र नजिकै न्यूनतम ७०० मि. को दुरी भित्र कुनै अर्को डिप बोरिङ्ग जडान भएको हुनुहुदैन। |
| ७) | बोरिङ्ग जडान तथा अन्य संरचना निर्माण कार्यका लागि सिचाई नीति अनुसार जनसहभागिता बापतको रकम कृ.या.प्र.के. को धरौटि खातामा जम्मा गरेको हुनुपर्ने। |
| ८) | अघिल्लो आ.व. मा उपरोक्त मापदण्डहरु पुरा भई छनौट भएको तर कारणवस जडान कार्य हुन नसकेको योजनालाई प्राथमिकता दिईने। |
| ९) | चुरे तथा भावर क्षेत्रमा डिप बोरिङ्ग जडान गर्नु अघि उक्त स्थानको भूमिगत पानीको अवस्था सम्बन्धि संभाव्यता अध्ययन (ERT Survey) भई प्राविधिक प्रतिवेदनबाट सिफारिस भएको हुनुपर्ने छ। |
| १०) | डिप ट्यूवेल माग भई आएको स्थान नजिकै विगतमा यस केन्द्र मार्फत जडान भएको पुरानो बोरिङ्ग रहेको तर विविध कारणले गर्दा हाल संचालनमा नरहेको अवस्थामा उक्त क्षेत्रमा नयाँ बोरिङ्ग जडान भन्दा पुरानो बोरिङ्गलाई सुधार गरी सञ्चालनमा ल्याउन प्राथमिकता हुनेछ। |